सम्पर्क नं : ०२५५४३०३०

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८०/०८१
च. नं. :-

मिति: २०८०।१२।२२

### विषयः परिपत्र

श्री सबै विद्यालय
दुहबी नगरपालिका दुहबी, सुनसरी

उपर्युक्त विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले तपसिलबमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

१. २०८० चैत्र मसान्तभित्र सबै कक्षाको नतिजा प्रकाशन गर्ने ।
२. वैशाख पहिलो हप्ताभित्र अनिवार्य रुपमा सबै कक्षाका सबै विद्यार्थीलाई नयाँ सेट पाठ्यपुस्तक उपलब्ध गराउने ।
३. वैशाख २ गते देखिनै विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गरी पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत सप्ताह मनाउने व्यवस्था विद्यालयबाट मिलाउने । बैशाख दोस्रो हप्तासम्म पनि सेवा क्षेत्रका सबै बालबालिका भर्ना हुन नआए घरदैलो कार्यक्रम मार्फत् बाबालिकाका घरमै गई अभिभावकलाई सम्झाई बुझाई विद्यार्थी भर्ना गर्ने र ९ गतेदेखि भर्ना सँगसँगै पठनपाठन सुरु गर्ने ।
४. अभिभावकविहीन बालबालिका भए उनीहरुसँग अभिभावकत्व ग्रहण गरी भर्ना गराई त्यस्ता बालवालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्तिको सम्मान गरी अभिलेख राख्ने ।
५. भर्ना अभियान कार्यक्रमका लागि नगरपालिकामा शाखा अधिकृत श्री विकास घिमिरे सम्पर्क व्यक्ति रहेको हुँदा आवश्यक समन्वयका लागि सम्पर्क गर्ने र विद्यालयमा समेत एकजना शिक्षकलाई सम्पर्क व्यक्ति तोकी विद्यार्थी भर्ना सम्बन्धी कार्यको जिम्मेवारी दिने ।
६. वैशाखको मसान्त सम्ममा विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्ने ।
७. भर्ना भएका सबै विद्यार्थीलाई विद्यालयमा टिकाइराख्न बालमैत्री व्यवहार र दिवा खाजाको प्रभावकारी प्रबन्ध मिलाउने ।
८. कक्षा कोठा र विद्यालय परिसरको वातावरण सफा राख्ने ।
९. शैक्षिक सामग्री व्यवस्थापनका लागि विद्यालयमा निकासा भएको रकमबाट प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाका लागि खेलमा आधारित सिकाइ सामग्री तथा अन्य कक्षाका विद्यार्थीका लागि स्तर र पाठ्यसामग्री सुहाउँदा शैक्षणिक सामग्री (विद्युतीयसमेत) व्यवस्थापन गर्ने साथै वुक कर्नरलाई उदेश्यमुलक र स्तरीय बनाउने ।
१०. शैक्षिक सत्र सुरु भएको पहिलो (बैशाख) महिनाभित्रै विद्यालयको वार्षिक योजना लगायत शैक्षणिक योजनाहरू तर्जुमा गरी स्वीकृत गराउने ।
११. २०८० जेष्ठ महिनाभित्र विद्यालय सुधार योजना अध्यावधिक गरी शिक्षा युवा तथा खेलकुद शाखामा

सम्पर्क नं. : ०२५५४३०३०

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा
दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

प. स. :-२०८०/०८१
च. नं. :-

१२. विद्यालयमा हाजिर भएका दिन प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकालाई अनिवार्य दिवा खाजा खुवाउने ।

१३. शिक्षाको आधारभूत तह अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क हुने भनी नेपालको संविधानले नै व्यवस्था गरेको सन्दर्भमा सामुदायिक विद्यालयले विद्यार्थीबाट कुनै प्रयोजनका लागि कुनै पनि शीर्षकमा शुल्क नलिने ।

१४. विद्यालयको जग्गा विवरण, लिज तथा भाडामा कुनै व्यक्ति वा संस्थालाई दिइएको भए त्यसको विवरण, लिजमा दिइएको अवधि, क्षेत्रफल र त्यसबाट हुने गरेको वार्षिक आम्दानी सहितको विवरण बैशाख मसान्त भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

१५. सबै संस्थातग विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ उपदफा ३ मा व्यवस्था भए बमोजिम नियम अनुसार चालु शैक्षिक सत्रको छात्रवृत्ति उपलब्ध गराई सोको विवरण शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।

१६. संस्थागत विद्यालयको शुल्क निर्धारणका लगि यस अघि नै पेश गर्न निर्देशन भएको चालु शैक्षिक सत्रमा विद्यालयबाट लिइएको शुल्क विवरण सहित आगामी शैक्षिक सत्रको शुल्क प्रस्ताव पेश गर्न वाँकी विद्यालयले अनिवार्य रुपमा यही २०८०।१२।२५ सम्ममा शाखामा पेश गर्ने ।

१७. नयाँ शैक्षिक सत्र २०८१ को भर्ना अभियान समाप्त भएपश्चात जेठ ७ गते भित्र अनिवार्य रुपले अनलाइन IEMIS मा पूर्ण विवरण अपडेट गर्ने गराउने ।

१८. विद्यार्थीका लागि पाठ्यपुस्तक, पोशाक, स्टेशनरी तथा अन्य शैक्षिक सामग्रीहरु विद्यायबाट वा निश्चित पसल तोकी खरिद गर्न गराउन अभिभावकलाई बाध्य नवनाउने साथै विद्यायलबाट त्यस्ता सामग्री वेचविखन नगरी अभिभावकलाई खुला बजारबाट खरिद गर्ने वातावरण सिर्जना गर्ने ।

१९. सबै विद्यालयले पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको पाठ्क्रम र पाठ्यपुस्तक तथा यस नगरपालिकाबाट तयार भएको स्थानीय विषयको पाठ्यक्रम अनिवार्य रुपमा कार्यान्वयन गर्ने गराउने ।

२०. विद्यालयहरुले प्रत्योक महिना शिक्षक स्टाफको बैठाक बसी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक रणनीति तथा क्रियाकलापहरु तय गर्ने र अघिल्लो मिहिनाको कार्यान्वयन अवस्थाको समीक्षा हरेक वैठकमा गर्ने ।

२१. सबै सामुदायिक तथा संस्थागत विद्यलयको अनुगमनको क्रममा उल्लिखित विषय प्राथमिकतामा राखिने भएको हुँदा सबै क्रियाकलापको व्यवस्थापन उचित तवरले गरी अभिलेख दुरुस्त रान्ने ।

हिमालय बराल
प्रमुख प्रशासकीय अधिकृत